उपाध्यक्ष श्री जोशी धामी द्धारा प्रस्तुत

आर्थिक वर्ष २०७७ र ०७८ को

# सर्केगाड गाउँपालिकाको नीति तथा कार्यक्रम

सर्केगाड गाउँपालिका

सर्केगाड ,हुम्ला ।

**यहाँ उपस्थित सर्केगाड गाउँपालिका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु, राष्टसेवक कर्मचारी तथा उपस्थितसम्पूर्ण महानुभावहरु,**

**नेपालको संविधान बमोजिम स्थानीय तहको सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७७०७८ को सर्केगाड कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा** अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेकोछु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, घाइते, अपाङ्गहरुको त्याग र बलिदानलाई उच्च सम्मान प्रकट गर्दछु।

१. नेपाली जनताको सात दशक लामो संघर्षपछि संविधान सभाबाट नेपालको संविधान जारी भएसँगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहित,को समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक हक र मानव अधिकार, नागरिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन्। राष्ट्रिय एकता, समता र समन्यायका साथ समाजवाद उन्मुख आर्थिक समृद्धि कायम गर्न अधिकार, साधन, स्रोत, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण गरी सार्वभौमसत्तासम्पन्न जनतालाई वास्तवमै अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ।

२. सर्केगाड गाउँपालिका अन्तरगत साविकका जैर ,सर्किदेउ ,सायाँ ,गोठी ,रोडीकोट र बराई गा.वि.स.लाई समायोजन गरेर बनेको यस गाउँपालीकामा हाल वडा नं. १ जैर , वडा नं. २ रिप , वडा नं. ३ उनपानी , वडा नं. ४ सायाँ वडा नं ५ गोठी, वडा नं.६ बराई , वडा नं ७ ,रोडीकोट र वडा नं ८ राहदेउ रहेकाछन। यस गाउँपालीकाको ३०६.७ वर्ग किलो मिटर क्षेत्रफल रहेको छ . सदरमुकाम सिमकोट बाट ३० कोष टाढा रहेको यस गाउँपालीमा जम्मा २००४ घरधुरीका ६४२० महिला र ६२५३ परुष गरि जम्मा १२६८२ जनसंख्या रहेको छ । स्थानिय तहको निर्बाचनबाट यस गाउँपालिकाकोगाउँसभा र कार्यपालिका गठन पश्चात ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भई कार्यान्वयन समेत भईसकेको छ । संघीयता र स्थानीय सरकारका माध्ययमबाट लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न गुरु योजनामा उल्लेख गरिएको मापदण्ड अनुसार कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार युवा तथा खेलकुद विकास कार्यलाई अगाडी बढाईनेछ ।

३. आगामी बर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधान, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारका विभिन्न मन्त्रालयको बजेट सिलिङ तथा मार्गदर्शन, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित), २०७४, स्थानिय सरकार सञ्चालन ऐन २०७४, प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं प्राप्त मार्गदर्शन तथा निर्देशनहरु, विषयगत समितिबाट प्राप्त सुझावहरु, वस्ती तथा वडा भेलाका माग तथा सुझावहरु, बजेट बक्तव्यको अधिनमा रहेर तर्जुमा गरिनेछ ।

४. हाल विश्वमा महामारि रोगको रुपमा स्थापित भइ सकेको कोरोना ( कोभिड १९ ) भाइरसले हाम्रो देश लाई पनि अछुतो नराखेको अवस्थामा निकट भविश्यमा हाम्रो गाउँपालीमा उक्त रोगको जोखिम बाट बच्च र मुक्त रहनको लागी कोभिड १९ बिशेष कार्यक्रम हाम्रो पहिलो प्रथामिकतामा रहने छ। यो कोष संचालनको लागी ५) लाख बजेट बिनियोजित गरेको छु।

५. विश्व मानव जगत लाई नै चुनौति दिदै प्रकट भई दिन दोगुना रात चौगुना आफ्नो फैलावट लाई बिस्तार गरि रहेको कोरोना (कोभिड १९) भाइरस बाट नेपालमा पर्न गएको दुरगामि असर बाट उत्पन्न आर्थिक संकट लाई व्यवस्थापन गर्न यस सर्केगाड गाउँपालीकाले “एक वडा ,एक उत्पादनशि रोजगारी मुलक कार्यकम” यसै आर्थि बर्ष बाट लागु गर्नेछ जसको लागी आवश्यक बजेको व्यवस्था मिलाईएको छ।

६. “विद्यालय आय आर्जन अनुदान ” कार्यकम पनि यसै आर्थिक बर्षबाट लागु गरिनछ।

७. यथार्तपरक आवश्यकता र प्राथमिकतामा आधारित विकास योजनामा लगानी गरी नतिजामुखी र उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने नीति अख्तियार गरिनेछ। छीरएका टुक्रे विकासलाई निरुत्साहन र बृहत क्षेत्र समेट्ने समग्र योजनालाई प्रोत्साहन गरिने छ।

८ गाउँपालिका भित्र सञ्चालन हुने हरेक गतिविधिलाई एकद्वार प्रणाली बमोजिम सञ्चालन र नियमन गरिनेछ । कुनै पनि सरकारी, गैरसरकारी संघ संस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र आयोजना कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृती लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ। ति निकायबाट बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रममा आवद्ध हुनेगरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ र कार्यक्रममा हुने दोहोरोपना नियमन गरिनेछ ।

९ गाउँपालिकाको समग्र विकासका लागि सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापना गर्न आपसी समझदारी तथा समन्वयमा जोड दिइनेछ।

१०.	दैनिकीमा अनियमितता ल्याउने साना अवरोधलाई थोरै लगानिबाट हटाउन सकिने खालको भएमा On the spot Treatment नीति अवलम्वन गरिनेछ ।

११. सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण निर्माण कार्यको भौतिक निरिक्षण मार्फत विकास कार्यलाई पारदर्शी र उत्तरदायी बनाईनेछ । योजना छनौट तथा कार्यान्वयन प्रक्रियालाई सहभागितामूलक बनाउन सबै पक्षका सल्लाह, सुझाव र बिचारलाई समेटिनेछ ।

१२. लक्षित वर्गका कार्यक्रमलाई वास्तविक लक्षित वर्ग प्रत्यक्ष लाभान्वित हुने गरी उत्पादनमूलक बनाईनेछ । गाउँपालिका भित्रका परमपरागत स्थानिय उत्पादनलाई आधुनिकीकरण गर्दै रोजगारी सृजनामार्फत आय वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

१३. स्थानिय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक समितिको रुपमा न्यायिक अधिकार सूची भित्रका विषय कार्यान्वयनको दिशातिर उन्मुख हुदै समृद्ध र समुन्नत सर्केगाड गाउँपालिका निर्माणका लागि यथाशीघ्र विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ । समृद्ध सर्केगाड गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाईनेछ । राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ । "हाम्रो विकास ,राम्रो विकास ,हाम्रै लागी विकास "भन्ने नाराका साथ सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ । राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरि लक्ष्य अनुसार वा सो भन्दा बढी राजश्व सङ्कलन गर्न सफल वडालाई प्रोत्साहन स्वरुप बजेट बाँडफाँट गर्दा बढी बजेट उपलब्ध गराईने बजेट विनियोजन गर्दा वडागत आवश्यकता र प्राथमिकताका साथै जनसंख्या, भूगोल, पूर्वाधार, संकलित राजश्व लगायत वस्तुगत तथ्य र तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हाँसिल गर्ने गरी तय गरिनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ . सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धि, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

१४. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र वस्ती स्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामिण सडक, उर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित योजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

१५. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाईछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्बन र पुरस्कार साथै तालिमको व्यवस्था गरिनेछ ।

१६. कृषि व्यवसाय प्रवर्द्बनमार्फत गरिबी र बेरोजगारी हटाउन सर्केगाड गाउँपालिकाका विभिन्न पकेट क्षेत्र, विकासका पकेट क्षेत्र विशेष कार्यक्रम ल्याईनेछ । मल विउ तथा आध'निक कृषि सामाग्रि ढुवानी कार्यक्रम लाई सहज र व्यवस्थित

बनाईनेछ । कृषकहरुलाई सीपयुक्त बनाई कृषि पेशाको आधुनिकीकरण  र व्यवसायिकरण गर्ने क्षमता विकास तालिमको व्यवस्थाका साथै कृषि यान्त्रिकिकरणका लागि अनुदानको व्यवस्था गरिनेछ ।

१७. कोभिड १९ बाट कृषि क्षेत्रमा परेको प्रभावले निकट भविश्यमा ह'न सक्ने खाद्य संकटलाई न्युनिकरण गरी खाद्य सुरक्षामा टेवा पुरयाउने हेतुले कृषि योग्य बाझो जग्गा ,खेर गएका ऐलानी जग्गा ,बुटयान ,प्रति जग्गा ,हैसियत बिग्रेका वन आदी जमिनको उपयोग गरी खाद्य उत्पादनमा बृद्धि गरिने कार्यक्रम तय गरीनेछ ।

१८. विदेश तथा प्रदेश बाहिर बाट  र  शहरी क्षेत्र बाट गाउँ फर्किएका तथा गैर कृषि क्षेत्र बाट कृषि क्षेत्रमा आउन चाहने लक्षित बर्ग लाई  बुधा नं.१६ मा उल्लेखित जग्गामा कृषि कार्य गर्न प्रोत्साहित गरी कृषि उत्पादन बढाइने छ ।

१९. किसानहरुले स्थानिय विशेषतामा आधारित उत्पादन गर्नेछन र वजार व्यवस्थापनका लागि सहकारीको माध्यम अपनाइनेछ

. अर्थात "उत्पादन गर्ने काम किसानको विक्री गर्ने काम सहकारीको" भन्ने मान्यतालाई स्थापित गरिनेछ ।

२०. कृषि पकेट क्षेत्र अन्तरगत  वडा नं १ मा कपास पकेट , वडा नं २ र  ३ मा सिमि र स्याँउ पकेट , वडा नं. ४मा बदाम र तरकारी पकेट , वडा नं.५मा माछा र स्याँउ पकेट , वडा नं ६ मा रैथाने बाली र ओखर पकेट , वडा नं ७ मा सिमी , स्याँउ र आल' पकेट , वडा नं.८ मा स्याउँ र सिमि पकेट  कार्यक्रम संचालन गरि कृषकह? लाई आध'निक कृषि खेति गराई व्यवसायिक कृषि खेति तर्फ उन्म'ख गराईनेछ ।

२१. माग र आवश्यकताको आधारमा आकस्मिक बाली तथा पशु पंछि उपचार शिविर सञ्चालन गरिनेछ। वेमौसमी तरकारी खेती एवं च्याउ खेतीको लागि प्लास्टिक घर  तथा सामग्री लगायत उपकरणहरु उपलब्ध गराईनेछ । अनुदान प्राप्त कृषि व्यवसायीहरुलाई निरन्तर व्यवसाय सञ्चालनका लागि नियमित हौसला र मार्गदर्शनका माध्यमबाट प्रभावकारिता हाँसिल गर्न जोड दिइनेछ ।

२२. गाउँपालिका भित्रका सम्पूर्ण किसानहरुको पहिचान तथा वर्गिकरण गरी किसान परिचय पत्र प्रदान गरिनेछ। साथै किसान सहयोग तथा अनुदान कार्यक्रमलाई निरन्तर सञ्चालनमा ल्याइनेछ ।

२३. स्थानिय खाद्यवस्तु तथा पशुपंछि उत्पादन, प्रयोग र बजारीकरणमा विशेष जोड दिइनेछ। साथै गुणस्तरीय खाद्य वस्तुको प्रयोग र प्रवर्द्धनको लागि बजार अनुगमन तथा नियमनमा कडाइ गरिनेछ। पालिका भित्र सञ्चालन हुने अर्गानिक होटल तथा रेष्टुरेन्टलाई विशेष अनुदान दिइनेछ । साथै गाउँपालीका भित्र स्थापना भएका पशुपंछि फार्म लाई प्रोत्साहित गर्न फार्म अन'दान कार्यक्रममा बिशेष जोड दिइने छ ।

२४. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको खोजिनीति र पहिचान गर्नुका साथै अतिक्रमित जग्गा स्थानिय सरकारको मातहतमा ल्याउने व्यवस्था गरिनेछ। सो जग्गामा बेरोजगार युवा हरुलाई खेति गर्ने ,पशुपंछि फार्म स्थापना गर्ने र चरन विकासकासको लागी आधुनिक घास तथा डाले घासको विकास गर्ने कार्यक्रम लाई प्राथामिकताका साथ अगाडी बढाईनेछ ।

२५. हालको पशु पालन व्यवसायमा निर्भर रहेका कृषकहरुको एकिन गरि उनिहरुकै मागमा आधारित कार्यक्रम लाइ जोड दिइने छ।

२६. स्थानिय जातका पशुपंछि लाई संरक्षण गर्दै बढि उत्पादन म'खि बनाउन आगामी आ.व.देखि वणशंकर जातको विकास गर्नको लागी सर्केगाड बजारमा इ.आइ.सेन्टर स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।

२७. बाझो जग्गामा बेरोजगार यूवा लाई खेति गर्ने बिशेष कृषि तथा पशुपंछि कार्यक्रम ल्याइनेछ ।

२८. गाउँपालीकाको आवश्यतालाई मध्यनजर राखी एक वडा एक पशु फार्म वा कृषि फारमको कार्यक्रम लाई प्राथामिकतामा राखिनेछ ।

२९. गाउँपालीका स्तरका कृषकहरुको तत्कालीन समस्या समाधान गर्न कृषि तथा पशु क्षेत्रमा ४५ लाख बराबरको बजेट नियोजित गरिएको छ ।

३०. यस आर्थिक बर्षमा संघिय सरकार ,प्रदेश सरकार र सर्केगाड गाउँपालीको सहकार्यमा कृषि क्षेत्रको विकासका लागी ५३ लाख र पशु क्षेत्रको विकासका लागी ४५ लाख बजेट विनियोजित गरेको छु ।

३१. गाउँपालिका भरका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री, पूर्वाधारयुक्त, गुणस्तरीय र सुशासनयुक्त बनाउनुका साथै शैक्षिणिक तालिका, परिक्षा प्रणाली, प्रतिवेदन र लेखाङ्कनलाई एकरुपता बनाईनेछ । शैक्षिक क्षेत्रमा देखापरेका कमिकमजोरी हटाई क्रमशः सुधार गर्दै लैजान सरोकारवाला पक्षहरुसँगको समन्वयमा अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ ।

३२. राष्ट्रिय पाठयक्रमले स्थानिय तहबाटनिर्माण हुनेगरि छुट्याइएको कार्यक्रमलाई स्थानिय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं समसामयिक तुल्याउन सर्केगाड गाउँपालिका स्तरको स्थानिय पाठयक्रम निर्माण गर्दा नैतिक शिक्षा, कृषि र पर्यटनलाई प्राथमिकता दिने व्यवस्था मिलाईनेछ ।

३३. विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घरदैलो कार्यक्रम अभियानका रुपमा सञ्चालनमा जोड दिइनेछ ।

३४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान शिक्षक नियुक्ति, शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित, नियमसंगत र पारदर्शी बनाउन जोड दिइनेछ । शिक्षा क्षेत्रमा नवीनतम प्रविधि र अनुकरणीय कार्यको अवलम्वन गर्ने उद्देश्यले शैक्षिक भ्रमण तथा अन्तरविद्यालय भेटघाटलाई जोड दिइनेछ । शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धी भावना जागरित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रधानाध्यापक, बिषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ । विद्यालयहरुको अनुगमन प्रतिबेदनका आधारमा विद्यालय सार्ने,मर्जगर्ने, बन्द गर्ने र अनुमती प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्दै लगिने छ ।

३५. हरेक विद्यालयमा बालशिक्षा कक्षा सञ्चालनका लागि न्युनतम विद्यार्थी संख्याको उपस्थिति समेतका आधारमा बाल शिक्षा कक्षा व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

३६. गाउँपालिका भित्र हाल हिमज्योति उ.मा.वि.सर्केगाडमा संचालनमा रहेको पशु विज्ञान बिषय लाई समय सापेक्षिक परिमार्जित गर्दै उच्च शिक्षा हासिल गर्ने तर्फ उन्मुख गरिनेछ । साथै यसै विद्यालयमा बहु प्राविधिक शिक्षाको रुपमा स्थापित गराउन पहल गरिनेछ ।

३७. बालबालिकाहरुको गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र विपन्न परिवार तथा गरिबीले आक्रान्त, द्वन्द्वपिडित, अभिभावक गुमाएका र असहाय ,दलित छात्रछात्रालाई शिक्षामा प्रोत्साहित गर्न पोशाक तथा शैक्षिक सामाग्री वितरणको माध्यमबाट बालबालिकाको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३८. विशेष कक्षा सञ्चालन भएका विद्यालयहरुमा सुस्तश्रवण, दृष्टिविहिन, न्यून दृष्टि र बहिरा छात्रछात्राहरुको लागि आवासको व्यवस्था गरिनेछ ।

३९. हाल दुल्ली प्रा.वि.दुल्लीमा संचालन भइरहेको बहिरा आवासिय कक्षा लाई व्यवस्थित गर्न गा.पा.बाट बजेटको व्यवस्था गरिनेछ ।

४०. शिक्षा क्षेत्रको विकास र व्यवस्थापनको लागी यस आर्थिक बर्षमा ९ करोड ३१ लाख बराबरको बजेट विनियोजित गरेको छु । स्वास्थ्य सम्बन्धी सन्देश एंव सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न स्वास्थ्य शिक्षा सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवर्द्वन गरिने छ ।

४१. गुणस्तरीय एवं स्वास्थ्य वर्द्वक खाद्य पदार्थको प्रवर्द्वन र प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्न पहल गरिनेछ । सक्षम एंव जवाफदेही, अनुगमन तथा नियमन संयन्त्र एंव प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न पहल गरिनेछ ।

४२. स्वास्थ्यसंग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्दै राज्यको प्रत्येक नीतिमा स्वास्थ्यलाई मूल प्रवाहिकरण गर्न पहल गरिनेछ । महिला स्वास्थ्य स्वंय सेविकालाई प्रोत्साहन भत्ताको व्यवस्थापन गरिनेछ ।

४३. सुनौलो १००० (हजार) दिनका महिला तथा वालवालिका र किशोर किशोरीहरुको स्वास्थ्य प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

४४. १ (एक) घण्टा भन्दा बढी दुरी भएका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाईको व्यवस्थापन र सञ्चालनमा निरन्तरता दिइनेछ । जसका लागि भौतिक व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन थप गरिनेछ ।

४५. प्रत्येक स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मि तथा आवश्यक औषधि र औजार उपकरणको व्यवस्थापनमा बिशेष जोड दिइनेछ ।

४६. स्वास्थ्य क्षेत्रको आवश्यकता र तत्ताकाल विश्व मानव जगत लाई नै नतमस्तक बनाएको कोभिड १९ रोग लाई लक्षित गरि यो आर्थिक बर्षमा स्वास्थ्य क्षेत्रमा ४ करोड बजेटको व्यवस्था मिलाईएको छ ।

४७. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभुत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथादिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्रकुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पुरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तजुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामुलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदानगर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहतवास युनिट मार्फत नयाँ योजनानिर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाहगर्ने व्यवस्थामिलाइनेछ ।

४८. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षागर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोत सँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्थामिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सुचनाव्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

४९. महिला तथा किशोरीह?को आत्मसम्मानको रक्षागर्दै स’रक्षित र स्वच्छ तरिकाले बाँच्नपाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मुल गरी महिला र किशोरीहरुको आत्मसम्मानको

रक्षागर्न गाउँपालिका उपाध्यक्षह?को सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्रकार्यान्वयनको लागिआवश्यक व्यवस्था मिलाइनेछ ।

५०. नेपाल सरकारको पुर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८० भित्र गाउँपालिकालाई पुर्ण सरसफाइ युक्तएवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पुर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीनतारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा सम'दायस्तरमा पुर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।कककक

५१. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापनागर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समुहमार्फत बार्षिक रु ५लाख भन्दा माथि कारोबार गर्ने कृषक समुहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपुर्ति गर्नकालागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापनागर्ने कार्य यसै बर्षबाछ आरम्भ गरिनेछ ।

५२. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउनउत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपुर्तिको लागि आवश्यकताअनुसार संकलन केन्द्र, कोल्ड सटोर, एग्रोभेट स्थापनागर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालनगर्ने नीतिलिइनेछ ।

५३. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवद्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्तिउत्पादन तथा परिचालनगर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५४. महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानिय व्यवसायी महिलाद्वारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको बजारमा पहिचान गराई विगतमा सञ्चालित ग्रामिण व्यवसायको निरन्तरता दिइनेछ ।

५५. मानव बेचविखन, लैङ्गिक हिंसा, बालविवाह, असमान र अमानवीय भेदभाव नियन्त्रण र व्यवस्थापनका लागि सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरिनेछ । जोखिममा परेका वर्गको राहत तथा उद्धारका लागि हिंसापिडित उद्दार कोष स्थापना गरिनेछ । सबै किसिमका बालश्रम, बालबिवाह, बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण र दूर्व्यवहार अन्त्य गरी बालमैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ । हिंसा पिडित महिलाहरुका लागि निर्माणाधीन महिला सेफ हाउस स्थापनाको लागी बिशेष कार्यकम संचालन गरिनेछ ।

५६. अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र प्रदान गरी मध्यम अपाङ्गता भएका व्यक्तिहरुमा सिप तथा व्यवसायिकतामा जोड दिदै आत्मानिर्भर र सम्मानित जिवनयापनमा टेवा पुर्याइनेछ । पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपांगहरुलाई पूर्नस्थापनाको व्यवस्था गरिनछ । अपाङ्गता भएका व्यक्तिहरु माथि हुने सबै किसिमका दूर्व्यवहार अन्त्य गर्न कार्यक्रम ल्याइनेछ र यस गाउपालिकालाइ बाल मैत्री,अपाङ्गा मैत्री र लैङ्गीक मैत्री बनाउने प्रयास गरीनेछ ।

५७. ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरि जेष्ठ नागरिकहरुलाई कानुन प्रदत्त सेवाको सहज पहुँच पुऱ्याउन सरोकारवालाहरु संग समन्वय र सहकार्य गरिनेछ। जेष्ठ नागरिकको दिनभरीको समयलाई सहज बनाउन गाउँपालिका र सामुदायिक संयन्त्रको सहकार्यमा दिवा सेवा केन्द्रहरु संचालन गरिनेछ। जेष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार गर्ने युवा वर्गलाई जिम्मेवार बनाउन सचेतना मूलक कार्यक्रम ल्याइनेछ।

५८. महिला बालबालीका तथा जेष्ठ नागरीकको लागी आ.व.०७७.०७८ मा आवश्यक बजेट बिनियोजन गरिएको छ।

५९. सबै वडाका जनतामा सहज पिउने पानी पुऱ्याउन नयाँ खानेपानी आयोजना निर्माण र पुराना योजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहोरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिइनेछ। मुहान संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ।

६०. सर्केगाड गाउँपालीकाको खाने पानीको व्यवस्था गर्न संघिय सरकार ,प्रदेश सरकार र गाउँपालीकाको संयुक्त लगानीमा बिभिन्न योजना संचालनको लागी रु २ करोड ६३ लाख ६३ हजार बजेट बिनियोजित गरेको छु।

६१. हाकलको प्रत्येक वडाका बस्तिमा रहेको भित्रि बाटाहरु  हिउ तथा बर्षाको पानीले हिलाम्य भई हिडन अप्ठयारो भइ रहेको अवस्था लाई मध्यनजर गरी प्रत्येक बस्ताका भित्र र वरपरका बाटा हरुमा ढुङ्गा बिछयाएर बाटाहरु चौडा र स्वच्छ राख्ने कार्य वडा कार्यालयको अनिवार्य सर्त भित्र राख्दै यसै आर्थिक बर्षको म'ख्य प्राथामिकताको योजनामा समावेश गराईनेछ।

६३. लक्षित वर्ग तथा समुदायमा रहेका परम्परागत कुटि र उद्योगहरुलाइ प्रवर्द्वन गरिनेछ। औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक नीतिगत कानुनी प्रशासनीक तथा आर्थिक सुधारको लागी प्रयास गरिनेछ।

६४. सडक नपुगेका ठाउँहरुमा नयाँ ट्रयाक खोल्ने र ट्रयाक खोलिएका सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी अन्तर वडा र अन्तर गाउँ सम्म सडक सञ्चालनको सुनिश्चित गरिनेछ।

६५. विकास निर्माणका शिलसिलामा हुने जथाभावी डोजर र स्काभेटरको प्रयोग र उपभोक्ता समितिबाट अनियमियतता कमिकमजोरीलाई निरुत्साहित गर्ने नीति लिईनेछ। जसका लागि मानवीय जनशक्ति र स्थानिय स्रोत साधनबाट निर्माण सम्पन्न नहुने योजनाहरुमा ठेक्का प्रक्रियाबाट निर्माण गरिनेछ।

६६. आ.ब.२०७६/२०७७ मा सम्पन्न हुन नसकेका आयोजना हरु लाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाईनेछ।

६७. सडकको दुवै तर्फ हरीयाली कायम गर्न अनिवार्य रुपमा वृक्षारोपन गरिनेछ।

६८. गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुको प्राविधिक लागत अनुमान र मूल्याङ्कन अंग्रेजी र नेपाली दुवै भाषामा हुने व्यवस्था गरिनेछ।

६९. सडक सञ्जालको पहुँच नपुगेका सबै बस्तिहरुमा सडक निर्माणको लागि विशेष जोड गरिनेछ।

७०. गाउँपालीका भित्रका मुख्य सडक संजाल संग नजोडिएका वडा र बस्तिको समस्या लाई मध्यनजर राखी यस आ.व.मा संघिय सरकार ,प्रदेश सरकार र गाउँपालीको सहयोगमा सडक निर्माणको लागी रु २ करोड १५ लाखको बजेट बिनियोजित गरेको छु।

७१. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानिय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक सांस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामिण वस्तीलाई व्यवस्थित बसोबासयुक्तज र गतिशिल सहरमा रुपान्तरण गरिनेछ ।

७२. पुर्वाधार विकासको लागी यो आ.व.मा रु ४५ लाख ९८ हजार बजेट बिनियोजित गरेको छु ।

७३. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन, युद्ध पर्यटन प्रवर्द्वनका लागिपर्यटकिय सम्पदाहरुको अध्ययन, अभिलेख संकलन, भाषा कला संस्कृतिको पहिचान, संरक्षण, विकास,सम्वर्द्वन र प्रचार प्रसारका लागि आवश्यक पूर्वाधार विकासमा  जोड दिइनेछ ।

७४. गाउपालीका भित्र रहेका पर्यटकिय क्षेत्रहरु भिउदुला भिउटावर ,तल्छडी छहरा अवलोकन ,दुधेदह तिर्थ यात्रा ,गुसाँ पुग्नै पर्ने स्थान ,मेथा माइ दर्शन ,गोठी चुथा दृष्य अवलोकन ,बराईको नाङमेथाम्ले तिर्थ अवलोकन  ,उनपानीको तातोपानी , गाउपालीका भित्रका बिभिन्न पाटन अवलोकन र बिभिन्न हिमालहरु अवलोकन तथा पथ यात्राको लागी बिशेष कार्यक्रम ल्याइनेछ ।

७५. सर्केगाड गाउँपालीका अन्तरगत जैरको दसरा पर्व ,उनपानीको भुव पर्व ,गोठीको गौरा पर्व ,राहदेउको मागे लरो (हारया लरो ) रोडीकोटको साउनपुनी पर्व र बराईको नाङलेथाम्ले माईको दर्शन र रिपको मालिका दर्शन लाई बिशेष कार्यक्रम ल्याइनेछ ।

७६. पर्यटन क्षेत्रको विकासको लागी रु १७ लाख २ हजार रकम बिनियोजित गरेको छु ।

७७. जलवायु मैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण सम्वर्द्वन तथा जलबायु अनुकुलन मार्फत  पर्यटन प्रवर्द्वनको लागी जोड दिइनेछ । बनक्षेत्रको बैज्ञानिक एवं दिगो व्यव्थापन गरी बनजन्य उत्पादन अभिबृद्धि गरिनेछ । सामुदायिक बन विकास कार्यक्रम निजि वन विकास कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ ।

७८. जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम संचालनको लागी यो आर्थिक बर्ष बाट रु १ करोड ४४ लाख बजेट बिनियोजित गरेको छु ।

७९. युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आयआर्जनमा केन्द्रित गर्न तत्काल छोटा अवधिको तालिम दिइनेछ । युवा तथा खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राखिनेछ । साथै गाउँपालिका स्तरीय खेलकुद तथा कला संस्कृति संरक्षण सम्वर्द्वन गर्न पालिका स्तरीय प्रतियोगिता आयोजनागरिनेछ ।

८०. गाउँपालीका स्तरिय खेलक'द बिकासका लागी रंगशाला निर्माणको लागी आवश्यक जग्गाको खोजी रंगशाला निर्माण गर्न यसै आ.व.बाट सर्वेक्षण कार्यको शुरुवाति गरिनेछ ।

८१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पेशागत, अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै लगिनेछ । जनताको नजिकको सरकारको अनुभुति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी वनाइ भ्रष्छाचार मुक्त र सुशासन युक्त बनाइनेछ। वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

८२. नेपाल सरकार प्रदेश सरकार तथा स्थानिय सरकारको लगानीमा सम्पन्न हुने २ लाख भन्दा वढी लागतका आयोजनाहरु आयोजना स्थलमा अनिवार्य रुपमा होडिङ बोड राख्ने तथा सम्पन्न भएका आयोजनाहरुको नियमित सुरक्षा, संरक्षण र मर्मतसम्भारको व्यवस्था गरिनेछ ।

८३. लोककल्याण कारी राज्यको अवधारणा बमोजिम गाउँपालिकाका विभिन्न विपत प्रभावित असहाय विपन्न संरक्षण विहिन महिला वालबालिका जेष्ठ नागरिक अति असक्त अपांगहरुको संरक्षण तथा सहायताको व्यवस्था गरिनेछ ।

८४. सर्केगाड गाउँपालीका र वडा कार्यालयको दैनिक कार्य सम्पादनो लागी आवश्यक बजेट विनियोजित गरिएको छ ।

८५. अति विपन्न, लोपोन्मुख र भूमिहिन सुकुम्बासी समुदायको वसोवासका लागी भूमी व्यवस्थापन गरी आवासको व्यवस्था गरिनेछ ।

८६. जनयुद्ध तथा जनआन्दोलनका शहिद तथा वेपत्ता परिवारजनका घाइते अपाङ्ग व्यक्तिहरुको परिचय खुल्ने आवश्यक प्रमाणको आधारमा पञ्जिकरण तथा अन्य सवै प्रकारका सिफारिस शुल्क शतप्रतिशत छुट हुने व्यवस्था गरिनेछ। साथै जनजीविकामा सहयोग पुग्ने गरी प्याकेज कार्यक्रम ल्याइनेछ। योग्यता पुगेका व्यक्तिहरुलाई रोजगारीको क्षेत्रमा विशेष प्राथमिकता दिइनेछ।

८७. जनताको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि सूचना अभिलेख केन्द्रको स्थापना गरिनेछ। गाउँपालिकाको मोबाइल एप र नोटस बोर्ड सञ्चालन तथा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

८८. सूचना सञ्चारको पहुँच नपुगेका स्थानहरुमा संचार सेवा पुऱ्याउन विशेष पहल गरिनेछ।

८९. स्थानिय तहबाट  रेडियो (एफ.एमं) संचालनका लागी बिशेष पहल गरिनेछ।

९०. हाल यस गाउँपालीका भित्र संचालनमा रहेको चुथाको मोवाईल टावरको क्यापारिटीमा बिृद्धिको लागी आवश्यक पहल गरिनेछ।

९१. गाउँपालिका  कार्यालयहरुको भवन निर्माणका लागि न्यूनतम जग्गा प्राप्त भइ विस्तृत परियोजना प्रतिवेदन समेत तयार भएकोमा सो जग्गा कार्यालय भवन निर्माण गर्न अप्ठायारो भएकोले यसै आ.व. भित्र अनेत्र भवन निर्माणको लागी आवश्यक जग्गा साटने र भवन निर्माण प्रक्रिया अगाडी बढाउन आवश्यक पहल गरि यसै आर्थि बर्ष भित्र गाउँपालीका कार्यालय भवन निर्माण गरिनेछ।

९२. आफ्नो स्वामित्वमा वडा भवन निर्माण नभएका वडा कार्यालयहरु लाई यसै आर्थिक बर्ष भित्र आफ्नो स्वामित्व ग्रहण हुने गरि कार्यवाहि अगाडि बढाउन कडाइका साथ निदेशन जारि गरि वडा भवनको आफ्नो स्वामित्व ग्रहण गर्न लगाइनेछ।

९३. एक विद्यालय ५ बोट फलफूलजन्य बिरुवा अनिवार्य रुपमा रोप्ने हुर्काउने र प्रत्येक घरधुरीले करेसाबारीको व्यवस्था गर्नेछन। तर मुख्य गरि सर्केगाड क्षेत्रमा २५) वर्ग मिटर  जग्गा हुनेले  अनिवार्य रुपमा करेसा बारी बनाउन' पर्ने छ।

९४. सर्केगाड बजार लगायत अन्य बस्तिहरुमा बढदै गईरहेको अनैतिक कार्य लाई नियन्त्रण गरी बस्तिमा अमनचयन कायम गराउन गाउँ प्रहरी व्यवस्थापन कार्यलाई विशेष जोड दिई यसै आर्थिक बर्ष बाट कार्यान्वयन प्रक्रिया अगाडी बढाईनेछ।

९५. सर्केगाड गाउँपालिकामा बसोबास गर्ने जनतालाई स्वच्छ खानेपानीको व्यवस्थापन गरिनेछ। एक घर  एक धाराको नीति क्रमशः लागु गरिनेछ।

९६. सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

९७. आकस्मिक रुपमा विपदबाट हुने क्षतिलाई न्यूनिकरण गर्न निर्माणपूर्व विपत न्यूनिकरण हुने प्रकृतिका डिजाईन स्टिमेट  र  निर्माण भैरहेको अवस्थामा समेत गुणस्तरीय कार्य गर्ने द्यगषमिष्लन ऋयमभ अनिवार्य लागु गर्ने नीति लिइनेछ।

९८. आकस्मिक विपद तथा प्राकृतिक प्रकोपमा परेका व्यक्ति, समुदाय तथा संघ संस्थाहरुलाई तत्काल राहतको अनुभूति हुने गरी राहत सहयोग उपलब्ध गराउने नीति अनुरुप सवै वडाहरुमा विपद व्यवस्थापन कोष स्थापना गरिनेछ।

९९. उर्जा क्षेत्रको विकास, विस्तार र सम्वर्द्बन गर्ने  उद्देश्यले वडा नं ५ अन्तरगत पर्ने तलछडी जलविद्युत आयोजना लाई सुदृढ गर्दै गाउँपालीका लाई आवश्यक थप बिद्युतको माग लाई आपुर्ति गर्न बिद्युत उत्पादन श्रोतको पहिचान एवं सर्भे गरि सम्बद्ध निकाय संग सहकार्य गरि गाउँपालीका भित्रका सबै वडा र बस्तीहरुमा बिद्युत लाइन बिस्तार गरेर बिद्युत पहुचको अनुभुत गराइनेछ ।

१००. साना तथा लघु उद्योग स्थापना गरी रोजगार सृजना गर्न औधोगिक ग्रामको विस्तृत सर्भे गरिनेछ र तालिम प्राप्त जनशक्तिलाई व्यवसायिकता तर्फ आकर्षण गर्न प्याकेजमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. लोपउन्मुख हुदै गइ रहेको राडी ,पाखी र लिउ ,फेरुवा बुन्ने र पुर्ने सिप पछिल्लो पुस्ता लाई हस्तान्त्रण बिशेष कार्यकम ल्याइनेछ ।

१०२. अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरे बमोजिम सबल स्थानीय सरकारको रुपमा विकास गर्न ३ आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सघाउँदै हौसला र साथ दिएर स्थानिय सरकारको हैसियतले सर्केगाड गाउँपालिकाको आ. व. २०७७।०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत पाउने सुअवसर प्रदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, सवै राजनैतिक दल, राष्ट्रसेवक कर्मचारिहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । ।

१०३. यस गाउँपालीकामा कार्य क्षेत्र रहेका बिभिन्न गैर सरकारी संस्था मध्ये किर्डाक नेपालका अन्तरगत सामुदायिक बिकास परियोजनाको यो आ.ब.मा रु २४ लाख ७३ हजार ८१४ र सोहि संस्था अन्तरगतको सामथ्य परियोजनाको रु ५३ लाख १४ हजार सन्ताउन्न बजेट पेश गरेको छु ।

१०४. यस गाउँपालीकामा बिगत बर्ष बाट आफ्नो कार्यक्षेत्र विस्तार गरेको महिला कल्याण अन्तरगत रुपान्तरण परियोजनाको कार्यकम संचालनको लागी यस आर्थिक बर्षमा रु ११ लाख ४४ हजार ९५५ बराबरको बजेट पेश गरेको छु ।

आदरणीय प्रमुख अतिथिज्यु एवं उपस्थितमहानुभावहरु,

हाम्रा समस्या र चुनौति धेरै छन् त्यसलाई विस्तारै परिपुतिगर्दै जानु हाम्रो बुद्धिमता हो भन्ने ठान्दछु। हाम्रो वडाहरु बाट थुप्रै योजना तथा कार्यक्रमहरु गाउँ सभामा प्रस्तुत भई पारित भईसकेका छन्। जसकालागि उचित बजेटको व्यवस्थापन भई सकेको छ। हामीले आवश्यकतालाई बढि प्राथमिकता दिनु पछ भन्ने मान्यताका साथ बजेटलाई सहि सदुपयोग होस् भन्ने हेतुले बजेट विनियोजित गरेको छौ। तर बजेट लाई कनिका छरेजस्तो गर्दा हाम्रो प्रगति विकुलै हुन सक्दैन त्यसैले थोरै गरौ राम्रो गरौ भन्ने मान्यता हामीहरुले गर्नुपर्दछ । त्यसैले सकिन्छ भने सानामसिना योजनाभन्दा पनि प्रभावकारी योजनालाई हाम्रो मुख्य उद्देश्यमा राखी अघि बढ्नु नै हाम्रो समय सन्दर्भको बुद्धिमताहो।

हाम्रो योजनाहरु थुप्रै छन् त्यसलाई अव समय भित्रै सम्झौताको चरणमा गई योजना कार्यान्वयन तर्फ अघिबढ्न यस सर्केगाड गाउँ बासिलाई आग्रहगर्दछु। योजनालाई समयमै सम्पन्न गरौ ,योजना हाम्रो लागि हो भन्ने मन भावना राख्दै वलियो प्रादर्शिक र प्रभावकारी वनाउन यसै सभाबाट विशेष आग्रहगर्दछु।

आदरणीय उपस्थित महानुभावहरु,

अव म आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित बजेट प्रस्तुत गर्न अनुमतिचाहन्छु।

आ. व. २०७७/०७८को लागि गाउँपालीकाको कुल प्रस्तावित बजेट रु. ३९ करोड १६ लाख४४ हजार ८४० हुन आएको छ। जस मध्ये चालु तर्फ बाट रु. १४ करोड ९८ लाख ४४ हजार ८४० छ भने पुजिगत तर्फ रु. २४ करोड १८ लाख रहेको छ। यसमा महिला, बालवालिका, जनजाति, आपांङ्गव्यक्तिहरुलाई लक्षित गरी बजेट विनियोजन गरिएको छ। बजेट श्रोत निम्न अनुसार रहेको छ।

धन्यवाद

जोशि धामी

उपाध्यक्ष

सर्केगाड गाउँपालीका

मिति २०७७ साल असार १० गते